# यौन तथा प्रजनन् स्वास्थ्यमा ध्यान दिन जोड



**कृष्ण पोखरेल**

*पाल्पा*

विपद् तथा जोखिमका समयमा पनि यौन तथा प्रजनन् स्वास्थ्य सेवा प्रभावकारिता तथा निरन्तरता हुनुपर्नेमा सरोकारवाला पक्षहरुले जोड दिएका छन् । विश्व मानवतावादी दिवस २०२५ को अवसरमा नेपाल परिवार नियोजन संघ पाल्पाले तानसेनमा गरेको अन्तरक्रिया कायक्रममा विपद् र आपतकालीन अवस्थामासमेत यौन तथा प्रजनन् स्वास्थ्य सेवाको लागि पूर्व तयारीको रुपमा सरोकारवाला निकाय भूमिका महत्वपूर्ण हुनेमा वक्ताहरुको जोड थियो ।

प्राकृतिक तथा गैर प्राकृतिक रुपमा हुने विपद्का घटनाहरुका सबैभन्दा बढी बालबालिका, महिला र वृद्ध वृद्धाहरु पीडित हुने, हिंसामा पर्ने भएकोले बसाई व्यवस्थापनसँगै यौन तथा प्रजनन् स्वास्थ्यको विषयमा पनि विशेष ख्याल राख्नु पर्ने वक्ताहरुले जोड दिएका थिए ।

कार्यक्रममा प्रदेशसभा सदस्य एवं पूर्व मन्त्री वीरबहादुर रानाले हरेक किसिमका विपद्का घटनापछि महिला बालबालिकाहरुलाई बढी जोखिममा पर्दै आएकोले सरोकारवाला निकाय तथा व्यक्तिसँगको छलफल अन्तरक्रिया तथा संवादले आगामी दिनमा हुने विपद् स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्ने बताए । विगतामा भूकम्प, कोरोना कहरबाट पाठ सिक्दै तथा जिल्लामा हुने गरेको बाढी पहिरो, आगलागी जस्ता विपद् घटनामा महिला तथा बालबालिकाको स्वास्थ्य सुरक्षा तथा उपचारको लागि कार्ययोजना बनाएर काम गर्दै आएको सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले जानकारी दिए ।

कार्यक्रममा नेपाल नेत्र ज्योति संघ पाल्पाका सभापति बुद्धिप्रसाद शर्मा, पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्ति न्यौपानेलगायतका वक्ताहरूले विपद्पश्चात् देखिने स्वास्थ्य जोखिमका बिचमा महिलाहरू र संवेदनशील समुदायलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । सो अवसरमा सहभागीहरूले विपद्का बेला महिलाको सम्मान, सुरक्षित वातावरण र प्रजनन् स्वास्थ्य अधिकारलाई आधारभूत मानवीय अधिकारको रूपमा व्यवहार गर्नुपर्ने बताएका थिए ।

कार्यक्रममा नेपाल परिवार नियोजन संघ पाल्पाका प्रबन्ध निर्देशक सोवाकान्ता न्यौपानेले विपद् र आपतकालीन अवस्थामा महिला तथा बालबालिकाहरुमा पर्ने असरको बारेमा प्रष्ट पारे । संस्थाका प्रवन्ध निर्देशक न्यौपानेले विपदमा गर्नुपर्ने, प्रजनन् स्वास्थ्य सेवाको पूर्वतयारी, आवश्यक औषधि तथा सामग्रीको उपलब्धता, तालिमप्राप्त स्वास्थ्यकर्मीको परिचालन र महिलाको सुरक्षा अवस्थाबारे जानकारी दिए । उनले विपद् आएपछि गर्भवती, सुत्केरी र महिलाहरू बढी जोखिममा पर्ने भएकाले सुरक्षित प्रसूति सेवा, परिवार नियोजन, यौन हिंसाबाट जोगाउने उपाय, तथा स्वास्थ्य संस्थासँग सहकार्य अनिवार्य हुनेमा जोड दिए । कार्यक्रममा वक्ताहरूले विपद् व्यवस्थापन योजनामा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्न, सञ्चार माध्यममार्फत् जनचेतना अभिवृद्धि गर्न र स्थानीय तह तथा समुदायबिच सहकार्य मजबुत बनाउनुपर्ने सुझाव दिए ।

नेपाल परिवार नियोजन संघ पाल्पाका कार्यवाहक सभापति माधव अर्यालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन संस्थाका कार्यसमिति सदस्य पुष्करराज रेग्मीले गरेका थिए । संस्थाले विपद् स्वास्थ्यमा सहयोग पुऱ्याउने सुरक्षा निकाय, विभिन्न संघ संस्थाहरुलाई सम्मान गरेको थियो ।

# स्याङ्जाका कृषकलाई २.५४ प्रतिशत बजेट

**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाका नगरपालिका र गाउँपालिकाहरुले वर्षभरि खर्च गर्ने कुल बजेटको करिब तिन प्रतिशत रकम मात्रै कृषि क्षेत्रको विकासमा छुट्टाउने गरेका छन् । आर्थिक वर्ष २०८१/०८२ मा पालिकाहरुले कृषि क्षेत्रको विकासका लागि २.५४ प्रतिशत मात्रै बजेट छुट्टाएको तथ्याङ्कले देखाउँछ ।

जिल्लाका पालिकाले विनियोजन गरेको झण्डै तीन प्रतिशतको कुल बजेटमा अतिन्यून अर्थात् ४९ प्रतिशत मात्रै बजेट खर्च भएको छ । ११ पालिकाको ७ अर्ब १७ करोड ५५ लाख ५८ हजार कुल बजेट छ । कुल बजेटमध्ये कृषि क्षेत्रमा विनियोजित १८ करोड २५ लाख ७९ हजारमा ४९ प्रतिशत अर्थात ८ करोड ९७ लाख ८८ हजार मात्रै खर्च भएको छ । बजेट विनियोजन गर्नमै कञ्जुस बनेका जनप्रतिनिधि खर्च गर्न र गराउन समेत चुकेको तथ्याङ्कबाट स्पष्ट हुन्छ ।

जिल्लाका ५ नगरपालिका र ६ गाउँपालिकामध्ये नगरतर्फ गल्याङ नगरपालिकाले सबैभन्दा धेरै ८ दशमलव ४६ प्रतिशत र भीरकोट नगरपालिकाले सबै भन्दा थोरै ०.७९ प्रतिशत बजेट कृषि क्षेत्रलाई छुट्टाएको देखिन्छ । गाउँपालिकातर्फ सबैभन्दा धेरै फेदीखोलाले ५ दशमलव ८५ र सबैभन्दा कम आँधीखोलाले ०.९८ प्रतिशत मात्रै बजेट विनियोजन गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

'पालिकाहरुले वर्षेनी ठूला-ठूला बजेट ल्याएपनि कृषि क्षेत्र उपेक्षित बनेको बजेटबाटै प्रष्ट हुन्छ ।' पुतलीबजार नगरपालिकाका नगरप्रमुख तुलसीराम रेग्मीले भने-'श्रोत सुनिश्चित नहुँदा कृषि क्षेत्रलाई आवश्यक बजेट छुट्टाउन सकिएको छैन, संघ, प्रदेश र नगरको आन्तरिक आम्दानीको ठूलो हिस्सा कृषिलाई खर्च नगरेसम्म कृषिबाट प्रतिफल नआउने, कृषिमा प्रविधिको प्रयोग र वस्तुको बजारीकरणमा चालु वर्षदेखि नगरले कृषिलाई उच्च प्राथमिकतामा राखेको छ ।'

गाईभैंसी, बाख्रा, तरकारी, मकै, मसला र दालहन बाली उत्पादनमा जोड् दिँदै आएको गल्याङ नगरपालिकाले ८२ करोड १० लाख ३७ हजार बजेटमा ८ दशमलव ४६ प्रतिशतले हुने ६ करोड ९५ लाख विनियोजन गरेको थियो । तरकारी र फलफूल खेतीमा अब्बल बताउँदै आएको वालिङ नगरपालिकाले कुल ९६ करोड १४ लाख १४ हजारको १.९१ प्रतिशत अर्थात् एक करोड १९ लाख ६५ हजार विनियोजन गरेको केन्द्र स्याङ्जाले जनाएको हो ।

आँप-लिची जोन चलेको चापाकोट नगरपालिकाले ७२ करोड ९५ लाख ९१ हजारको १.५१ प्रतिशत अर्थात् एक करोड १० लाख ५४ हजार बजेट कृषिमा छुट्टाएको थियो । सुन्तलाबाट करोडौ आम्दानी लिने कृषक रहेको पुतलीबजार नगरपालिकाले एक अर्ब ३४ करोड ६० लाख ५६ हजार कुल बजेटको ०.८३ प्रतिशतले हुने एक करोड ११ लाख ४४ हजार मात्रै विनियोजन गरेको र भीरकोट नगरपालिकाले ७८ करोड २६ लाख २० हजार कुल बजेटमा ०.७९ प्रतिशत अर्थात् ६१ लाख ५५ हजार विनियोजन गरेको तथ्याङ्कमा उल्लेख छ ।

कृषिजन्य उत्पादनको बिक्री वितरणमा हाटबजार गरेको फेदीखोला गाउँपालिकाले आफ्नो वर्षभरिको कुल बजेट ४४ करोड ३९ लाख ९३ हजारमा ५ दशमलब ८५ प्रतिशत अर्थात् २ करोड ५९ लाख ९५ हजार विनियोजन गरेको देखिन्छ । ड्रागन र मखमली फूलको व्यवसायिक उत्पादन गर्दै कृषिमा आत्मनिर्भर अभियान चलाएको कालिगण्डकी गाउँपालिकाले ६३ करोड ६४ लाख ६५ हजार कुल बजेटमध्ये २.७८ प्रतिशतले हुने एक करोड ७७ लाख विनियोजन गरेको केन्द्रले जनाएको छ ।

गाउँपालिकातर्फकै अर्जुनचौपारीले ५६ करोड ६० लाख ६२ हजार बजेटमध्ये १.९१ प्रतिशतले हुने एक करोड ८ लाख १० हजार विनियोजन गरेको थियो । बिरुवाले ४९ करोड ४६ लाख ४७ हजारमा ७३ लाख ८५ हजार अर्थात् १.४९ प्रतिशत बजेट कृषि क्षेत्रका लागि विनियोजन गरेको तथ्याङ्कमा देखिन्छ । हरिनाशले ४७ करोड ५४ लाख ५५ हजारको १.१४ अर्थात् ५४ लाख २५ हजार विनियोजन गर्दा आँधीखोलाले ५५ करोड ४६ लाख ७० हजारको ०.९८ प्रतिशतले हुने ५४ लाख ४६ हजार कृषि क्षेत्रलाई मात्रै बजेट विनियोजन गरेको थियो ।

जिल्लामा झण्डै ७५ प्रतिशत नागरिक कृषि पेशामा रहेको तथ्याङ्कले देखाउँछ । नेतृत्व नपाउँदासम्म कृषि र कृषकको हितमा काम गर्ने प्रतिबद्धता जनाउने जनप्रतिनिधिले भौतिक पूर्वाधारलाई मात्रै विकास ठानिदिँदा समस्या भएको स्थानीयको बुझाइ छ । 'पहिलो कृषि क्षेत्रमा बजेटै कम छ, भएको थोरै बजेट पनि खर्चै हुन सकेको छैन,' स्थानीयले भने-'जति खर्च भएको छ त्यो अनुत्पादक क्षेत्रमा 'बालुवामा पानी' जस्तै भएको छ, त्यस माथि प्रतिफल छैन् ।'

**विषयगत कार्यालयको खर्च पनि न्यून**

जिल्लामा कृषकसँग प्रत्यक्ष जोडिएर कृषि सम्बन्धी काम गर्ने कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र कृषि विकास श्रोत केन्द्रको कुल बजेटमध्ये न्यून प्रतिशतले हुने रकममात्रै खर्च भएको पछिल्लो तथ्याङ्कमा देखिन्छ ।

विषयगत कार्यालयहरुको कुल १७ करोड ५२ लाख चार हजार कुल बजेटको करिब ७६ प्रतिशत अर्थात् १३ करोड ३६ लाख ८५ हजार खर्च भएको केन्द्रका सूचना अधिकारी विकास विकले जानकारी दिए । अधिकांश बजेट अनुदानमा खर्चिंदा पनि विषयगत कार्यालयको उक्त खर्च न्यून हो ।

ज्ञान केन्द्रको ८ करोड १९ लाख १० हजारमध्ये ६ करोड ४३ लाख ५७ हजार अर्थात् ७८ प्रतिशत बजेट खर्च भएको छ । कृषि आधुनिकीरणको ७ करोड १३ लाख २७ हजारमा झण्डै ७४ प्रतिशत अर्थात ५ करोड २५ लाख ३९ हजार खर्च भएको थियो भने श्रोत केन्द्रको दुई करोड १९ लाख ६७ हजारमध्ये करिब ७६ प्रतिशतले हुने एक करोड ६७ लाख ८९ हजार मात्रै खर्च भएको छ ।


हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सूर्य लाइफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


# पाल्पामा पहिलोपटक महिला सीडीओ

पाल्पा । गृहमन्त्रालयले पाल्पामा पहिलो पटक प्रमुख जिल्ला अधिकारीको रुपमा महिला कर्मचारीलाई खटाएको छ । मन्त्रालयले पाल्पाको प्रमुख जिल्ला अधिकारीको रुपमा बिनु बज्राचार्य कुँवरलाई जिम्मेवारी दिई जिल्लामा खटाएको हो । प्रजिअ कुँवरले पाल्पामा पहिलो महिला र ४६औं प्रमुख जिल्ला अधिकारीको रुपमा जिम्मेवारी लिएकी छन् ।

प्रजिअ कुँवर यसअघि बाग्मती प्रदेश सामाजिक विकास मन्त्रालय हेटौडामा सचिवको रुपमा काम गर्दै आएकी थिइन । साथै प्रजिअले कुँवर शहरी विकास मन्त्रालय, राष्ट्रिय सर्तकता केन्द्र, श्रम मन्त्रालय, पुन निर्माण प्राधिकरण र सूचना आयोगमा काम गरी पछिल्लो पटक पाल्पा गृहमन्त्रालयअन्तरगत प्रजिअको भूमिकामा पाल्पा आएको बताइन् ।

प्रजिअ कुँवरले पाल्पाली पत्रकारहरुसंग अन्तरक्रिया गर्दै नागरिक सेवा सुविधालाई ध्यान दिने, जिल्लाको शान्ति सुरक्षा, सुशासनमा प्राथमिकता दिने, जिल्लाका समस्याहरु समाधान गर्न सरकारी तथा गैर सरकारी पक्ष, नागरिक समाज, राजनीतिक दलहरु समन्वय र सहकार्य गरेर काम गर्ने प्रजिअ कुँवरले बताइन । पारदर्शी जवाफदेहिता र सूचनाको हकलाई व्यवस्थित गर्ने प्रजिअ कुवँरले जोड दिइन ।

# बुटवल उद्योग वाणिज्य संघको साधारण सभा असोज २७ मा गर्ने निर्णय

बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको वार्षिक साधारण सभाको मिति तय गरिएको छ । कार्यसमिति बैठकले संघको ७२औं वार्षिक साधारण सभा आगामी असोज २७ गते सोमबारका दिन गर्ने निर्णय गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी दिए ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालको अध्यक्षतामा बसेको कार्यसमिति बैठकले साधारण सभा तयारीका लागि विभिन्न उपसमितिहरु समेत गठन गरिएको छ । साधारण सभामा सहभागी सदस्यहरुलाई वितरण गर्ने किट व्याग व्यवस्थापनका लागि कार्यसमिति सदस्य जगन्नाथ न्यौपाने, खाना तथा खाजा व्यवस्थापनका लागि कार्यसमिति सदस्य उमेश अमात्य र स्वागत तथा सत्कारका लागि कार्यसमिति सदस्य रेनु श्रेष्ठलाई संयोजकको जिम्मेवारी प्रदान गरिएको छ ।

त्यसैगरी मतसर्वेक्षणका लागि कार्यसमिति सदस्य सुनिता शर्मा बञ्जाडे, प्रस्ताव लेखनमा कार्यसमिति सदस्य कृष्णप्रसाद पाण्डे, मञ्च तथा हल व्यवस्थापनका लागि कार्यसमिति सदस्य निर्मित कसजू, निमन्त्रणा कार्ड व्यवस्थापनका लागि कार्यसमिति सदस्य काशिराम शर्मा पौडेल, पार्किङ व्यवस्थापनको लागि कार्यसमिति सदस्य टिकाराम वञ्जाडे र सौजन्य तथा सहयोग व्यवस्थापनको लागि कार्यसमिति सदस्य गणेशप्रसाद भट्टराईलाई संयोजकको जिम्मेवारी प्रदान गरिएको हो ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस ।

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०९१३ मो.९८५७०३५३८०,९८४७९२३९५७
E-mail:ideapressbtl@gmail.com



प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रुपन्देही



विगत ५९ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


भूमिकास्थान नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

नदीजन्य पदार्थको प्रथम पटक, जीवजन्तु र जडीबुटी कर संकलनको तेश्रो पटक सूचना प्रकाशित मितिः २०८२/०५/१२

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को घ.बमोजिम प्राप्त अधिकार,भूमिकास्थान नगरपालिकाको नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण २०८१ प्रतिवेदन र प्रदेश सरकार, लुम्बिनी प्रदेशद्वारा २०८२असार २५ गते प्रदेश राजपत्र अतिरिक्ताङ्क ४ मा प्रकाशित प्रदेश आर्थिक ऐन, २०८२को दफा ८ बमोजिम,तथा भूमिकास्थान नगरपालिकाको आर्थिक ऐन,२०८२ को दफा १७ बमोजिम भूमिकास्थान नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका तपसिलमा उल्लेखित खोलाहरुबाट आ.ब २०८२/०८३ मा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्रीका साथै नगरपालिका भित्र उत्पादन भई व्यावसायीक कारोबार हुने जीवजन्तु, जडिबुटी लगायतका वस्तुको व्यावसायिक कारोवार गरे वापत कर संकलन गर्ने प्रयोजनका लागि (नदीजन्य पदार्थको हकमा सम्झौता भएको मिति देखि २०८३ साल जेष्ठ मसान्तसम्म र जडीबुटी र जीवजन्तु कर संकलनका लागि सम्झौता भएको मिति देखि २०८३ साल असार मसान्तसम्म) आ.ब.२०८२/०८३ मा ठेक्का प्रकृयाको माध्यमद्वारा कर संकलन गर्ने निर्णय भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रही ठेक्का प्रकृयामा आउन इच्छुक मुल्य अभिबृद्धि करमा अनिवार्य दर्ता भएका फर्म तथा संघ संस्थाहरुले शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. प्रत्येक ठेक्काको दरभाउपत्र फाराम प्रभु बैंक, भूमिकास्थान नगरपालिका, नुवाकोट शाखा स्थित यस कार्यालयको आन्तरिक आय खाता नं.२५८७०८६९८६८००१३८ मा रु.१०००।- (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचर पेश गरीवा नगरपालिकाबाट सो रकम बराबरको रसिद काटी यस कार्यालयबाट मिति २०८२/०५/२६ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
२. आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी दरभाउपत्र फाराममा ठेकेदारको नाम, थर, ठेंगाना र सही छाप एवम् संस्थाको छाप समेत लगाई मिति २०८२/०५/२७ गते दिनको १२.०० बजे भित्र भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, नुवाकोट,अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ ।
३. दाखिला भएका दरभाउपत्रहरु मिति २०८२/०५/२७ गते दिनको १:०० बजे भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, नुवाकोट,अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्य सो को भोलि पल्ट हुनेछ ।
४. दरभाउपत्रदाताले आफूले कवोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने धरौटी रकम भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, नुवाकोट,अर्घाखाँचीको नाममा प्रभु बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँची स्थित धरौटी खाता नं. २५८७०८६९८६८०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यता प्राप्त बैंकद्वारा भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्ने छ ।
५. दरभाउपत्र फाराम स्वीकृत भएपछि दरभाउपत्रदाताले कवोल गरेको कुल रकम तपसिल बमोजिमको बैंक खातामा एकमुष्ट जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरे पछि दरभाउपत्रदातासँग सम्झौता गरी ठेक्काको चलानपूर्जी दिइने छ ।

**तपसिल**

**नदीजन्य पदार्थको सम्झौताको हकमा बैंक खाताको विवरण :**
खातावालाको नामः भूमिकास्थान नगरपालिका, अर्घाखाँची
खाता नं.: २५८७०८६९८६८००११८, विभाज्य कोष खाता
बैंकको नाम र ठेंगाना : प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची ।

**जीवजन्तु कर र जडीबुटी कर सम्झौताको हकमा बैंक खाताको विवरण :**
खातावालाको नामः भूमिकास्थान नगरपालिका, अर्घाखाँची
खाता नं.: २५८७०८६९८६८००१३८, आन्तरिक आयखाता
बैंकको नाम र ठेंगाना : प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची ।

६. गत विगत सालमा ठेक्का लिई रकम बुझाउन बाँकी राखेका फर्महरुले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन । तर भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनबाट बञ्चित गरिने छैन ।
७. प्राप्त दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. सबै ठेक्का नं. हरुमा कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने छ ।
९. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कबोल अङ्कको बढीमा दशप्रतिशत सम्म रकम छूट दिन सकिनेछ ।
१०. यस सम्बन्धी थप सूचना जारी गर्नु परेमा यस कार्यालयको वेभसाईट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचना पार्टीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्ग मानिने छ ।
११. प्रकाशित सूचना बमोजिम कुनै बिषय फरक पर्न गएमा सोको अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगरकार्यपालिकाको कार्यालयमा निहित हुनेछ ।
१२. यस सूचनामा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९७९५ मा सम्पर्क गर्न सकिने छ ।

ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री शुल्क संकलन, जीवजन्तु र जडिबुटी कर संकलन सम्बन्धी ठेक्काको विवरण

| ठेक्का नं. | विवरण | श्रोत संकलनका लागि तोकिएको विन्दु | २०८२/०८३को लागि कायम न्यूनतम ठेक्का रकम मु.अ.कर बाहेक) | संकलन गर्न पाउने रकम (१३ प्रतिशत मु.अ.कर बाहेक) | इकाई | बार्षिक रुपमा निकाल्न सकिने परिमाण (घ.मी.) |
|---|---|---|---|---|---|---|
| 4/BM/IR/2082/083 | दुर्वाङ्गखोला | आँपखोलाझो.पू. देखि दक्षिणतर्फको बगर क्षेत्र, शतिघाट बगर क्षेत्र र बाङ्गेरह बगर क्षेत्र, दुर्वाङ्ग पिप्लीटापु सानीचौकी बगरक्षेत्र, दुर्वाङ्ग झो.पू. बगर क्षेत्र देखि दक्षिणतर्फको गंगटे देखि भगेनी र दुर्वाङ्गको संगम बगर क्षेत्र बिरौटासम्म । | ४,८४०००/- | ६/- | प्रति क्यु फिट | २२८७ |
| 5/BM/IR/2082/083 | खाकाबेसी खोला | पाकुरे/काउले,रातामाटा,सानडाँडा डडुका मुख,चालिसे,आपका रुख,चाम्रे बगर क्षेत्र | ३१,५००/- | ६/- | प्रति क्यु फिट | १५० |

नगरभित्र उत्पादन भई व्यावसायिक कारोबार हुने जिवजन्तु र जडिबुटी कर

| ठेक्का नं. | विवरण | कर संकलनशिर्षक | न्यूनतम एकमुष्ट रकम रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| 2/BM/IR/2082/083 | जीवजन्तु कर (व्यावसायिक कारोबारमा) | नगरपालिका भित्र उत्पादन भई व्यावसायिक कारोबार हुने जीवजन्तु कर | ९०,०००/- |
| 3/BM/IR/2082/083 | जडीबुटी कर (व्यावसायिककारोबारमा) | नगरपालिका भित्र उत्पादन भई व्यावसायिक कारोबार हुने जडीबुटी कर | ३०,०००/- |

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रुपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com